# डिकन्टेमिनेशन

## Decontamination

Decontamination is the removal of a harmful substance from the body. It involves taking off clothing, showering and putting on clean clothes.

डिकन्टेमिनेशन गरिनुको अर्थ शरीरबाट हानिकारक तत्वहरूलाई हटाउनु हो। यसमा शरीरबाट लुगाहरू फुकाल्ने, नुहाउने र स्वच्छ लुगाहरू लगाउने काम हुन्छ।

You will be directed to the decontamination area. The staff will be wearing protective clothing and head gear. If you have children, help them follow these steps with you.

तपाईंलाई डिकन्टेमिनेशन क्षेत्रमा लगिनेछ। स्टाफले सुरक्षित लुगाहरू र टोपी लगाएको हुनेछ। तपाईंसँग नानीहरू छन् भने उनीहरूलाई आफूसँगै यी पाइलाहरूको पालन गर्नमा मद्दत गर्नुहोस्।

1. Take off your clothes and place them in the large bag. You may also be given a small bag to place your valuables in.
2. Wait for your turn to shower.
3. When it is your turn:
   - Stand under the shower and rinse your hair and entire body.
   - Rinse under your arms and in all creases and skin folds.
   - Wash your hair and body with the soap.
   - Rinse your hair and body well.
4. Step out of the shower and dry off. The staff will give you something to wear and will tell you where to go next.

1. आफ्ना लुगाहरू फुकाल्नुहोस् र तिनलाई ठूलो ब्यागमा राख्नुहोस्। तपाईंलाई आफ्ना मूल्यवान वस्तुहरू राख्नका लागि एउटा सानो ब्याग पनि दिइन सक्छ।
2. नुहाउनका लागि आफ्नो पालो पर्खनुहोस्।
3. तपाईंको पालो आएपछिः
   - धारामुनि उभिनुहोस् र आफ्ना कपाल र सारा शरीर पखाल्नुहोस्।
   - तपाईंले आफ्ना काखीहरू र शरीरका सबै कापहरू र छालाका कुनाकाप्चालाई पखाल्नुहोस्।
   - आफ्ना कपाल र शरीरलाई साबुनले धुनुहोस्।
   - आफ्नो कपाल र शरीरलाई राम्ररी पखाल्नुहोस्।
4. धाराबाट बाहिर निस्केर सुकाउनुहोस्। स्टाफले तपाईंलाई लगाउन केही दिनेछन् र अगाडि कता जाने भनी बताउनेछन्।

Tell the staff right away if your skin or eyes burn or if you have breathing problems.

तपाईंको छाला वा आँखामा जलन हुन्छ भने वा तपाईंलाई सास फेर्नमा कठिनाइ हुन्छ भने तुरुन्तै स्टाफलाई बताउनुहोस्।

© 2007 - September 24, 2019, Health Information Translations.

Content developed through a partnership of the Central Ohio Trauma System, the Columbus Medical Association Foundation, Columbus Public Health, Franklin County Board of Health, Mount Carmel Health, Ohio State University Medical Center and OhioHealth, Columbus, Ohio. Available for use as a public service without copyright restrictions at www.healthinfotranslations.org.